'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ९८ | बुधवार १९ मंसिर, २०८१ | 04 (Wednesday) December 2024 | पृष्ठ ४, | मूल्य रु : १०/-

### स्थानीय तह उपनिर्वाचनः

## सबै नतिजा सार्वजनिक, कस्ले कहाँ कहाँ जिते

■ नमस्ते समचारदाता
काठमाडौं, मंसिर/१८




स्थानीय तहको रिक्त ४१ पदका लागि आइतबार भएको उपनिर्वाचनको सबै नतिजा सार्वजनिक भएको छ। निर्वाचन आयोगले सार्वजनिक गरेको नतिजा अनुसार काठमाडौँको कीर्तिपुर नगरपालिकाको प्रमुखमा नेपाली काँग्रेसका कृष्णमान डङ्गोल ५ हजार ३ सय ३४ मत प्राप्त गरी विजयी भएका छन् भने उनका निकटतम प्रतिस्पर्धी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का शिवशरण महर्जनल ४ हजार ५ सय ५५ मत प्राप्त गरेका छन्। जाजरकोटको नलगाड नगरपालिकाको उपप्रमुखमा माओवादीका देवका लामिछाने ४ हजार २ सय ७२ मत पाई निर्वाचित भएकी छन् भने उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका इन्द्रा चन्द सिंहेले ३ हजार १ सय ४७ मत प्राप्त गरेकी छन्। मोरङको ग्रामथान गाउँपालिकाको अध्यक्षमा माओवादी केन्द्रका नमोनारायण माझी ६ हजार ९ सय ६९ मत प्राप्त गरी विजयी भएका छन् भने उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका बलराम सरदार थारुले ५ हजार ३ सय ३३ मत प्राप्त गरेका छन्। दैलेखको महाबुँ गाउँपालिकाको अध्यक्षमा एमालेका जङ्गबहादुर शाही ३ हजार १ सय २७ मतसहित विजयी भएका छन् भने उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका झलक बहादुर भण्डारीले २ हजार ६ सय ७५ मत ल्याएका छन्। दोलखाको गौरीशङ्कर गाउँपालिकाको उपाध्यक्षमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उम्मेदवार उमा लुङ्गेली मगर शेर्पा २ हजार ८ सय ५ मत प्राप्त गर्दा उनका निकटतम प्रतिस्पर्धी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उम्मेदवार निमलेकी शेर्पाले २ हजार ६ सय मत प्राप्त गरेका छन्। रुकुमपूर्वको पुथा उत्तरगङ्गा गाउँपालिकाको उपाध्यक्षमा माओवादी केन्द्रका नरपुर बुढा ३ हजार ६ सय २७ मत ल्याएर विजयी भएकी छन् भने उनका निकटतम प्रतिस्पर्धी एमाले-कांग्रेस गठबन्धनका उम्मेदवार केशकुमारी तुलाचनले २ हजार १ सय २८ मत मात्रै पाप्त गरेकी छन्। हुम्लाको सर्केगाड गाउँपालिकाको उपाध्यक्षमा माओवादी केन्द्रकी देवकी तिमिल्सिनाले १ हजार ६ सय ३७ मत ल्याएर विजय हासिल गरेकी छन् भने उनको निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसकी सविता बुढाल १ हजार ५ सय ९४ मत प्राप्त गरेकी हुन। बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका उपाध्यक्षमा एमालेका सुलोचना कुमारी भण्डारीले १ हजार ७ सय ४० मत प्राप्त गरी विजयी भएकी हुन भने उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका पुल्तीसरा शाहीले १ हजार ४ सय ७४ मत पाएकी छन्। वडा अध्यक्षहरुमा ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका-३ मा एमालेका कुमारी सावादेन ३ सय ५३ मतसहित विजयी भएकी छन् भने उनका निकटतम् प्रतिद्वन्द्वी माओवादी केन्द्रका अम्बी साउदेनले २ सय ५१ मत प्राप्त गरेका हुन। *बाँकी ३ पेजमा...*

## लुम्विनी प्रदेश सरकारद्वारा कोहलपुरबासीको माग सम्वोधन

■ नमस्ते समचारदाता
कोहलपुर, मंसिर/१८




लुम्बिनी प्रदेश सरकार प्रदेशको सोमबार बसेको मन्त्रिपरिषद् बैठकले बाँकेको कोहलपुरमा यातायात व्यवस्था कार्यालयको सेवा विस्तार गर्ने निर्णय गरेको छ। लामो समय देखिको कोहलपुरका राजनीति दल र जनप्रतिनिधिहरुको दवावपछि अन्ततः लुम्विनी प्रदेश सरकारले कोहलपुरबासीको मागलाई सम्वोधन गरेको छ। कोहलपुरमा यातायात व्यवस्था कार्यालयको सेवा विस्तार गर्न लामो समयदेखि यहाँका राजनीति दल तथा जनप्रतिनिधिहरुले प्रदेश सरकारलाई दवाव दिँदै आएका थिए। कोहलपुरबासीले माग गर्दै आएको विषय मन्त्रिपरिषद् बैठकबाट सम्बोधन भएसँगै अब यातायातको सेवा कार्यालय स्थापना हुने भएको हो। सेवा कार्यालय स्थापनापछि सवारी चालक अनुमति पत्र नवीकरण, सवारी दर्ता किताब नवीकरण र पटके सेवा कोहलपुरकै सेवा कार्यालयबाट हुनेछन्। कोहलपुर नगरपालिकाले यातायात कार्यालयका लागि कोहलपुरमा भवन नै उपलब्ध गराउने निर्णय सहितको ध्यानाकर्षण पत्र लुम्विनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य र उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपानेलाई बुझाएको थियो। राजनीतिक दलका प्रतिनिधिहरु सहित नगर प्रमुख पूर्ण प्रसाद आचार्य नेतृत्वको टोलिले उक्त पत्र गएको कार्तिक १३ गते मुख्यमन्त्री आचार्य र यातायात मन्त्री न्यौपानेलाई बुझाएको थियो। कोहलपुर नगरपालिकाको २०८० माघ १५ गते बसेको कार्यपालिका बैठकले यातायात कार्यालयका लागि कोहलपुर नगरपालिका -११ स्थित पुरानो वसपार्कमा रहेको टर्मिनल भवनहरु उपलब्ध गराउने निर्णय सहितको पत्र लुम्विनी प्रदेश सरकारलाई बुझाइसकेको थियो। कोहलपुर नगरपालिकाकी कार्यबाहक नगर प्रमुख संगिता सुवेदीले भनिन्, 'कोहलपुरमा पर्याप्त पूर्वाधार सहित ट्रयाल परीक्षा पनि कोहलपुरमै हुने भएकाले स्वभाविक रुपमा यातायात कार्यालयको सेवा विस्तार आवश्यक थियो। कोहलपुरबासी सहित छिमेकी राप्तीसोनारी र बैजनाथ गाउँपालिकाका स्थानीयलाई पनि अव धेरै सहज हुने भएको छ।' लुम्बिनी प्रदेश सरकारको सोमबार बसेको मन्त्रीपरिषद्ले यातायात कार्यालयको सेवा विस्तारका लागि कोहलपुरमा सेवा कार्यालय खोल्ने भनी गरेको निर्णयलाई कोहलपुरका राजनीतिक दलका प्रतिनिधिहरुले प्रदेश सरकारको निर्णयलाई स्वागतयोग्य भन्दै कायान्वयनको लागि सरकारलाई तदारुकता देखाउन माग गरेका छन्।

## विषादीको दोहोरो जोखिममा उपभोक्ता

■ नमस्ते समचारदाता
बाँके, मंसिर/१८



बालीनालीमा शत्रुजीव व्यवस्थापन गर्न प्रयोग गरिने विषादीहरूको अत्यधिक प्रयोग र दुरुपयोगबाट सबैभन्दा बढी जोखिममा उपभोक्ताहरु नै पर्ने बताइएको छ। लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालयले लुम्बिनी प्रदेशभर सञ्चालन गर्न लागेको 'विषादी सचेतना अभियान २०८१'को बाँकेबाट शुभारम्भ गर्ने क्रममा उक्त कुरा बताइएको हो। कार्यक्रमको औपचारिक शुभारम्भ गर्दै कृषि विकास निर्देशनालय लुम्बिनीका महानिर्देशक यामनारायण देवकोटाले पछिल्लो समयमा जानेर वा नजानेर बालीनालीमा किसानहरुले अत्यधिक रासायनिक विषादीको प्रयोग गर्ने गरेको भन्दै विषादीको विषाक्तबाट सबैभन्दा बढी जोखिममा प्रत्यक्ष रूपमा उपभोक्ताहरु नै हुने गरेको बताएका हुन। महानिर्देशक देवकोटाले भने, 'बालीनालीमा प्रयोग गरिने रासायनिक विषादीबाट प्रत्यक्ष रूपमा धेरैजसो उपभोक्ता नै जोखिममा पर्ने गरेका छन्। उनीहरू दोहोरो जोखिममा रहने गरेका छन्, बालीनाली उत्पादन गर्दा बिना तयारी रासायनिक विषादी प्रयोग गर्ने र उत्पादन भएको वस्तु उपभोग गर्ने पनि किसान हुने हुँदा उनीहरू दोहोरो जोखिममा देखिएका छन्।' रासायनिक विषादीको अत्यधिक प्रयोग र दुरुपयोगबाट किसान तथा उपभोक्तालाई सचेतना गराई यसबाट हुने जोखिमलाई न्यूनीकरण गर्नका लागि प्रदेश सरकारले विषादी सचेतना अभियान सुरु गरेको छ। देवकोटाका अनुसार "सबैको चाहना, विषादीयुक्त खाना" भन्ने मूल नाराका साथ पहिलो पटक कृषि मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेशका १२ वटै जिल्लामा यस प्रकारको सचेतना अभियान सञ्चालन गर्न लागिएको हो। बाँकेबाट यो कार्यक्रमको औपचारिक रूपमा सुरुआत गरिएको र हरेक जिल्लामा सम्बन्धित सरोकारवाला कार्यालयबाट वर्षैभर यो कार्यक्रम सञ्चालन गरिने छ। बढ्दो रासायनिक विषादीको प्रयोग, यसबाट मानव स्वास्थ्यमा हुने गम्भीर जोखिमलाई न्यूनीकरण गर्दै रासायनिक विषादीको विकल्प सहितको सचेतना कार्यक्रम सुरु गरेका छौँ, हरेक सरोकारवालासँग भेटघाट, छलफल, विद्यालयका विद्यार्थी मार्फत सचेतना कार्यक्रम लगायत गरेर व्यापक रूपमा जनचेतना फैलाउने अभियान सुरु गर्नु अहिलेको आवश्यकता रहेको देवकोटाले बताए। *बाँकी ३ पेजमा...*

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ


# सम्पादकीय

## विकास निर्माणका काममा सरकार भन्दा ठेकेदार हाबी

नेपालमा विकास निर्माणमा हुने पूँजीगत खर्च साधारण खर्च भन्दा निकै कम हुन्छ। त्यो पूँजीगत खर्च गर्ने अधिकांश आर्थिक श्रोतको व्यवस्थापन पनि आन्तरिक भन्दा बाह्य ऋणबाट हुँदै आएको यथार्थ हाम्रो सामु छदैछ। अब त देशको साधारण खर्च गर्न पनि ऋण लिनु पर्ने अवस्था सिर्जना हुँदै छ। ऋण गरेर व्यवस्था गरेको श्रोतको पनि समयमै सदुपयोग नगर्ने प्रवृत्तिले गर्दा नेपालको विकास निर्माणका काममा लागत वर्षेनी बढ्दै जाने तर काम सम्पन्न नहुने यथार्थ पनि हाम्रो सामु छ। एकातिर आर्थिक श्रोतको व्यवस्थापन गर्न सरकारलाई धौधौ परिरहेको अवस्था हुन्छ भने अर्को तिर विकास निर्माणका काम गर्ने ठेकेदार कम्पनीहरुले समय मै काम नगर्ने, काम बिचैमा अलपत्र पारेर सेवाग्राही नागरिकहरुलाई दुख दिने र अनावश्यक रुपमा लागत बढी लाग्ने अवस्थाको सिर्जना गरिने प्रवृत्तिले नेपाल सधैं पछाडि परिरहेको तितो यथार्थ हाम्रो सामु छ। नेपाल भौतिक संरचनाका हिसावले पछाडि पर्नुको एउटा प्रमुख कारण तोकिएको समयमा विकास निर्माणका काम गर्न जिम्मा लिएका कम्पनीहरुले समयमा गुणस्तरीय काम नगरेर पनि हो। भौतिक पूर्वाधारका ठूला परियोजना वा आयोजनाहरुमा त झन तोकिएको समय अवधिमा काम सम्पन्न नगरेका कारणले शुरुको लागत भन्दा कयौं गुणा बढी लागत बढ्ने हुँदा आर्थिक श्रोतको व्यवस्थापन जुटाउन नै सरकारलाई मुस्किल परेर परियोजना नै अलपत्र बन्ने अवस्थाको सिर्जना भएका थुप्रै उदाहरणहरु छन्। काम गर्ने ठेकेदार कम्पनीहरु राजनीतिक आस्थाका आधारमा लबिङ्ग गर्ने र समयमा काम सम्पन्न गर्नु भन्दा नि समय थप्दै जाने कारणले परियोजनाको अनावश्यक रुपमा लागत बढाइदिने गरेका हुन्छन्। उनीहरु सरकार माथि दबाव दिने र अनेकौं बहानामा परियोजनाको समय अवधि थपेर राज्यमा अनावश्यक आर्थिक भार बढाउने काम गरिरहेका हुँछन्।

# बदलिँदो विश्व भूराजनीति

**जीवनकुमार अधिकारी**




अंकको दुनियाँमा शून्य आफैंको कुनै मूल्य हुँदैन। तर जब यही शून्य कुनै अर्को अंकको पछाडि जोडिन पुग्छ तब दस गुणाका दरले यसको मूल्य बढ्दै जान्छ। ठीक त्यसैगरी विश्व भू-राजनीतिमा आज नेपाल आफैंको त्यति महत्व नहुन सक्थ्यो। तर, जब यही देश चीन र भारतजस्ता दुई उदीयमान शक्ति राष्ट्रसँग जोडिन पुग्यो। र, यी दुवै देश पछिल्लो समय भूराजनीतिक र भू-आर्थिक दृष्टिले प्रभावशाली बन्दै गए तब नेपालको पनि महत्व दोब्बर हुन गयो। एलाइज र एक्सिस शक्तिबीच भएको दोस्रो विश्वयुद्ध अनि संयुक्त राज्य अमेरिका र सोभियत संघबीच चर्किएको शीतयुद्धको परिणामले निश्चित गरेको वर्तमान विश्व व्यवस्था (वर्ल्ड अर्डर) आजको दिनमा आफ्नो विरासत अन्त्यको संघारमा उभिएको छ। लगभग तीन दशक बढी संयुक्त राज्य अमेरिकाको एकल नेतृत्वमा रहेको यो विश्व व्यवस्था अर्थात् एकध्रुवीय विश्व अब भने बहुध्रुवमा विस्तार भइसकेको छ। यसले विश्व भू-राजनीतिमा अमेरिकी एक छत्र वर्चस्व त समाप्त पार्‍यो नै, सँगै वैश्विक अर्थतन्त्र, सैन्य रणनीति र प्रविधि माथिको प्रभुत्वमा समेत अमेरिकी दबदबा कमजोर बनाइदियो। दर्जनभन्दा बढी देशमा एकपक्षीय प्रतिबन्ध माथि प्रतिबन्ध, मध्यपूर्वको मामिलालाई हेर्ने इजरायली चस्मा र डलरलाई आफ्नो राजनीतिक अस्त्रको रूपमा प्रयोग गर्नु अमेरिकाको लागि उल्टो प्रत्युत्पादक मात्र बनेन, वैश्विक मञ्चमा आफ्नो शक्ति क्षीण गराउने कालकुट विष नै बन्न पुग्यो। सन् १९९१ मा सोभियत संघको विघटनपश्चात् अत्यन्त कमजोर अवस्थामा रहेको रुस भ्लादिमिर पुटिनको आगमनसँगै विश्व भूराजनीतिमा एक जबरजस्त शक्तिको रूपमा उदायो। सन् २००० को दशकबाट दक्षिण अमेरिकाको सबैभन्दा ठूलो मुलुक ब्राजिल वैश्विक अर्थतन्त्र र भूराजनीतिमा नजरअन्दाज गर्न नसकिने शक्तिको रूपमा देखा पर्‍यो। यही दशकबाट दक्षिण अफ्रिका, नाइजेरिया, इजिप्टजस्ता अफ्रिकी मुलुकहरू पनि आफ्नो अर्थतन्त्रमा उल्लेखनीय वृद्धि हासिल गर्दै गए। आज अफ्रिकाले गरिरहेको दिगो आर्थिक र जनसांख्यिक विकास हेर्दा सन् २०२३ को अफ्रिकी संघको शिखर सम्मेलनमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरसले भने जस्तो २१औं शताब्दी साँच्चै अफ्रिकाकै लागि हो जस्तो देखिएको पनि छ। सन् २००० कै दशकबाट फिलिपिन्स, भियतनाम, इन्डोनेसिया, मलेसियाजस्ता आसियान सदस्य राष्ट्रहरू पनि तीव्र गतिको आर्थिक वृद्धि हासिल गर्दै वैश्विक प्रतिस्पर्धामा दरिलो उपस्थिति देखाउँदै गए। सन् २००१ मा विश्व व्यापार संगठनको सदस्यता लिएपश्चात् अन्तर्राष्ट्रिय व्यापार प्रणालीमा चीन द्रुततर गतिमा अघि बढ्यो। जतिबेला संयुक्त राज्य अमेरिका अफगानिस्तान र इराकसँगको द्वन्द्वमा अलमलिरहेको थियो सोही बेला चीन भने अफ्रिका र दक्षिण अमेरिकासम्म आफ्नो व्यापारिक साझेदारी विस्तार गर्दै थियो। फलस्वरूप चीन आज वैश्विक अर्थतन्त्रको मुख्य खेलाडी बन्न पुग्यो। यो सबै घटनाक्रम र पृष्ठभूमिले विश्व भूराजनीतिमा सामूहिक पश्चिमको प्रभुत्व र हैकमको भरपर्दो विकल्पको खोजी हुन थाल्यो। जसले आसियान, अफ्रिकन युनियन र ब्रिक्सजस्ता संगठनहरूलाई अझ बलियो र सशक्त बन्न अनिवार्य भयो। सन् २०२२ को फेब्रुअरीबाट सुरु भएको रुस-युक्रेन द्वन्द्व, २०२३ अक्टोबरमा देखिएको इजरायल र हमास द्वन्द्व, विश्व व्यापारको करिब १२ प्रतिशत ओगट्ने स्विज नहर अवरुद्ध हुने गरी लालसागरमा भएको हुथी द्वन्द्व अनि इरान र इजरायलबीचको पूर्ण युद्धले विश्व मानचित्रमा दबाबमात्र सिर्जना गरेन। विश्व भूराजनीति, भूरणनीति र वैश्विक व्यापार प्रणालीको तस्बिर नै बेग्लै बनाइदियो। कोरोना महामारी बाट थिलथिलो भएर बल्लतल्ल उठ्दै गरेको विश्वले युद्धको कारण फेरि अर्को महामारी खेप्नु पर्‍यो। युद्धले विशेष गरेर युरोप, अफ्रिका र मध्यपूर्वलगायत संसारभर नै खाद्य तथा ऊर्जा सुरक्षामा नयाँ चुनौती थप्नुका साथै बजारमा मुद्रास्फीतिको दर ह्वात्तै बढाइदियो। युरोपियन युनियनबाट बाहिरिएपश्चात् कमजोर बन्दै गएको बेलायती अर्थतन्त्र रुस-युक्रेन द्वन्द्वका कारण झनै संकटग्रस्त बन्न पुग्यो। यही कारण आज युरोपका अधिकांश राष्ट्र अर्थतन्त्र संकुचनको गम्भीर समस्या भोगिरहेका छन्। चाहे पनि नचाहे पनि रुस-युक्रेन र मध्यपूर्वको द्वन्द्वले विश्वलाई पश्चिमी खेमा, गैर-पश्चिमी खेमा र तटस्थ गरी तीन गुटमा स्पष्ट सीमांकन गरिदियो। जसले अब आउने दिनहरूमा विश्व शासनको ढाँचालाई नै परिवर्तन गरिदिनेछ। सन् २००१ मा अर्थशास्त्री जिम ओ निलद्वारा नामांक्रित ब्रिक्सको सोह्रौं शिखर सम्मेलन गत अक्टोबर २२ देखि २४ सम्म रुसको कजानमा आयोजना भयो। उक्त सम्मेलनमा ब्रिक्सको सदस्य, साझेदार र आमन्त्रित गरेर जम्मा ३६ राष्ट्रका राष्ट्रप्रमुख वा प्रतिनिधिहरू एकै टेबल वरपर जम्मा भए। ती ३६ राष्ट्रसँग आज विश्वको ५७ प्रतिशत जनसंख्या, ४६ प्रतिशत क्रयशक्ति र ४० प्रतिशतभन्दा माथिको कुल गार्हस्थ्य उत्पादन छ। योसँगै ब्रिक्ससँग संसारको प्रमुख तेल निर्यातकर्ता, वित्त र व्यापारको वैश्विक हब, उच्च उत्पादकत्व भएको युवा शक्ति, द्रुत गतिको अर्थतन्त्र, नवीन प्रविधियुक्त शैन्य शक्ति तथा भूराजनीति र अर्थराजनीतिका दृष्टिले महत्वपूर्ण स्विज नहर छ।

*– अन्नपूर्ण*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सी.पी. कालीकोट

# छ सय युवा स्वरोजगार

नमस्ते समचारदाता
जाजरकोट, मंसिर/१८



जाजरकोटको भेरी नगरपालिका-१ का स्थानीय बेरोजगार युवा स्थानीयस्तरमै स्वरोजगार भएका छन् । विश्व खाद्य कार्यक्रमद्वारा सञ्चालित भेरी नगरपालिका -१ का रावतगाउँ, कोलचौर, मैदेचौर, घ्युलनेटा, डोरीकाँडाका स्थानीयलाई रावतगाउँ-बडालेख जोड्ने सडक स्तरोन्नतिको कामले गाउँमै स्वरोजगार बनाएको हो । हाल सडक निर्माण कार्यले ६०५ युवालाई प्रत्यक्ष रोजगार बनाएको परियोजनाले जनाएको छ। भूकम्पका कारण थलिएको उक्त स्थानमा सडक निर्माणको काममा लगाउँदा आफ्नो गाउँको सडक निर्माण हुनुका साथै स्वरोजगारसमेत बनाएको छ। संयुक्त पुनर्लाभ कार्ययोजना र सामुदायिक पूर्वाधार उत्थानशीलता तथा खाद्य सुरक्षा अभिवृद्धि परियोजना र भेरी नगरपालिकाको संयुक्त समन्वयमा उक्त सडक निर्माण भइरहेको हो। भेरी नगरपालिका-१ का वडाध्यक्ष दीपक रानाले बेरोजगार युवालाई रावतगाउँ-बडालेख सडक स्तरोन्नतिमा प्रत्यक्ष रोजगारी दिएको बताउनुभयो । आयोजनाबाट भेरी नगरपालिका-१ का ६०५ जनाले प्रत्यक्ष रोजगारी पाएका रानाले बताउनुभयो । घरको खाना, खाजा खाएर दैनिक नौ सय रुपियाँसम्म ज्याला पाएपछि यस क्षेत्रका बासिन्दा खुसी रहेका वडाध्यक्ष रानाले जनाउनुभयो। आइडिएस नेपालका जिल्ला कार्यक्रम संयोजक राजेन्द्र गिरीले परियोजनाले भुरचौर स्याउली र भेरी नगरपालिका-६ को भेर्यामा समेत काम अगाडि बढाएको जानकारी दिनुभयो। गाउँमै रोजगारी पाएका कारण पैसाभन्दा काम पाएकोमा भेरी नगरपालिका-१ का वीरबहादुर बादीले खुसी व्यक्त गर्नुभयो। भारतबाट दसैंका लागि घर आएरलगत्तै कमाइका लागि कालापहाड जाने युवा अहिले गाउँमै काममा व्यस्त छन्। भेरी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दलबहादुर घर्तीले सडक निर्माण कार्यक्रमबाट तीन हजार ९४२ जना लाभान्वित हुने बताउनुभयो । कुल दुई करोड ८६ लाख ३५ हजार ८७८ रुपियाँको लागतमा उक्त सडक निर्माण भइरहेको उहाँको भनाइ छ।

# सडकमा फोहोर फाल्नेलाई धमाधम कारबाही



नमस्ते समचारदाता
नेपालगन्ज, मंसिर/१८

नेपालगञ्ज उपमहानगरपालिकाले जथाभावी फोहोर फाल्नेलाई धमाधम कारबाही गरिरहेको छ। सडक तथा सार्वजनिक स्थानमा फोहोर फाल्नेलाई निरुत्साहित गर्ने उद्देश्यले कारबाही थालिएको उपमहानगरपालिकाले जनाएको छ । मंगलबार विहान मात्रै सडकमै स्वास्थ्यजन्य फोहोर फालेपछि नेपालगञ्जमा एक मेडिकलहललाई जरिवाना सहितको कारबाही गरिएको छ। त्रिभुवनचोक सदरलाइनस्थित हरि ॐ मेडिकल हललाई सडकमा जथाभावी स्वास्थ्यजन्य फोहोर फोलेपछि ५ हजार रुपैयाँ जरिवाना गरिएको नगर प्रहरी प्रमुख प्रहरी निरीक्षक सूर्यबहादुर बोगटीले बताए । स्वास्थ्य महाशाखा र नगर प्रहरीको टोलीले निरीक्षणका क्रममा सडकमै स्वास्थ्यजन्य फोहोर फालेको पाएपछि नेपालगञ्ज उपमहानगरपालिकाको फोहोर मैला व्यवस्थापन ऐन २०७५ बमोजिम मेडिकल हलका प्रोप्राइटर विनोद कुमार गुप्तालाई जरिवाना तिराएर कारबाही गरेको बोगटीले बताए। स्वास्थ्य महाशाखा प्रमुख रामबहादुर चन्द, नगर प्रहरी प्रमुख बोगटी, नगर प्रहरी सहायक निरीक्षक पवन कनोजिया सहितको टोली विहान अनुगमनमा गएको थियो । एक साता अघि मात्रै नेपालगञ्ज उपमहानगरपालिकाले सडकमा फोहोर फालेको पाइएपछि भेरी अस्पताल अगाडि रहेको अंकित मेडिकल हल तथा अंकित अल्ट्रासाउन्डलाई ५ हजार रुपैयाँ जरिवाना गरेको थियो । मंसिर पहिलो साता सार्वजनिक स्थानमा फोहोर फालेपछि नेपालगञ्जस्थित आशिर्बाद पेन्ट्स प्रालिलाई पनि १० हजार रुपैयाँ जरिवाना गरिएको थियो। नगरलाई सफा, स्वच्छ र सुन्दर बनाउन सचेतना प्रबर्द्धन गर्दै आएको नेपालगञ्ज उपमहानगर पालिकाले पछिल्लो समय कारबाही समेत गर्न थालेको छ। नगर प्रमुख प्रशान्त विष्टले जथाभावी फोहोर फाल्ने विरुद्ध निगरानी बढाएको बताए । फोहोर फाल्नेलाई ठाउँको ठाउँ कारबाही गरिने बताउँदै उहाँले फोहोर ब्यवस्थापनमा सघाएर नगर सभा राख्ने अभियानमा साथ दिन नगरबासीलाई आग्रह गरेका छन्।

# आफन्तलाई जागिर, करार कर्मचारीलाई भत्ता

नमस्ते समचारदाता
दैलेख, मंसिर/१८



स्थानीय सरकार सञ्चालन ऐन, २०७४ विपरीत नियुक्त गरिएका करार कर्मचारीलाई स्थानीय र महँगी भत्ताका नाममा दैलेखका स्थानीय सरकारले करोडौं रुपैयाँ खर्च गरेका छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को (८) मा नगर प्रहरी, सवारीचालक, बगैँचे, प्लम्बरलगायतका पद तथा सेवाबाहेक करारमा कर्मचारी नियुक्त गर्न नपाइने व्यवस्था भए पनि आफन्तलाई जागिर खुवाउने नाममा ऐनविपरीत करार कर्मचारी नियुक्त गरेर उनीहरूलाई स्थानीय भत्ता र महँगी भत्तामा करोडौं रुपियाँ खर्च गर्ने गरेको महालेखाको प्रतिवेदनमा उल्लेख छ। महालेखाको आर्थिक वर्ष २०७९/८० को अन्तिम लेखा परीक्षण प्रतिवेदनमा उल्लेख गरिए अनुसार जिल्लाको आठबिस नगरपालिकाले नियुक्त गरेका २७ जना करार कर्मचारीलाई स्थानीय र महँगी भत्ताबापत सात लाख ९१ हजार ८२० रुपियाँ खर्च गरेको छ। महालेखाले भनेको छ, "करारमा कार्यरत कर्मचारीलाई कुनै पनि किसिमका भत्ता भुक्तानी दिन पाउने व्यवस्था छैन। पालिकाले करार कर्मचारीलाई वर्षभरि स्थानीय भत्ता र महँगी भत्ता भुक्तानी गरेका सो रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नु पर्छ।" दुल्लु नगरपालिकाले २८ जना करार कर्मचारीलाई स्थानीय भत्ताबापत १५ लाख छ हजार १२० रुपियाँ खर्च गरेको छ। नगरपालिकाले अधिकृत छैटौंदेखि हलुका सवारीचालक र कार्यालय सहयोगीलाई समेत स्थानीय भत्ताबापत उक्त रकम भुक्तानी गरेको हो । सामान्य प्रशासन मन्त्रालयले करार कर्मचारीको सेवा सुविधाका बारेमा गरेको परिपत्रमा उल्लिखित सेवा सुविधाबाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था छ। जिल्लाका अधिकांश स्थानीय सरकारले भने नियमविपरीत करार कर्मचारीलाई स्थानीय भत्ता र महँगी भत्ता दिएका छन् । दैलेखको भगवतीमाई गाउँपालिकाले करारका कर्मचारीलाई नियमविपरीत छ लाख ८१ हजार रुपियाँ भत्ता भुक्तानी गरेको छ। महालेखाको प्रतिवेदनमा गाउँपालिकाले नियमविपरीत स्थानीय भत्ता भुक्तानी गरेकाले उक्त रकम असुल गर्नुपर्ने भनिएको छ। ठाँटीकाँध गाउँपालिका, भैरवी गाउँपालिका, महाबु गाउँपालिका, गुराँस गाउँपालिका, डुगेश्वर गाउँपालिकाले भने तलब भत्ताबापत मात्र भनेर उल्लेख गरेका छन्। महालेखाको प्रतिवेदनमा उल्लेख भए अनुसार ठाँटीकाँध गाउँपालिकाले तलब भत्तामा करारका कर्मचारीलाई ७७ लाख ६९ हजार ७७ रुपियाँ, भैरवी गाउँपालिकाले ६३ जना सेवा करारका कर्मचारी नियुक्त गरी एक करोड ४२ लाख २६ हजार, महाबुले ६७ जना करार सेवाका कर्मचारीलाई तलब भत्ताबापत दुई करोड १२ लाख १८ हजार, नारायण नगरपालिकाले ९४ जना करार कर्मचारी नियुक्त गरी दुई करोड ९० लाख १० हजार रुपियाँ तलब भत्ता शीर्षकमा खर्च गरेको छ। त्यस्तै डुङ्गेश्वर गाउँपालिकाले ५५ लाख, भगवतीमाई गाउँपालिकाले विभिन्न सेवा समूहमा ३५ जना नियुक्त गरी ९९ लाख ८७ हजार, नौमुले गाउँपालिकाले सात पदमा ३८ जना कर्मचारी नियुक्त गरी एक करोड २० लाख ९८ हजार ९४५, गुराँस गाउँपालिकाले ५१ जना करार कर्मचारी नियुक्त गरी एक करोड २६ लाख ३१ हजार ६२९ रुपैयाँ खर्च गरेको छ। सुशासनविज्ञ दुर्लभ बोगटीले स्थानीय सरकारका प्रमुखले निर्वाचनका बेला रोजगारी दिन्छौं भनेर निर्वाचन जित्ने र पालिकाको आवश्यकता विश्लेषण नगरी जथाभावी करारमा कर्मचारी नियुक्त गरी लाखौं रकम दोहन गरेको आरोप लगाउनुभयो । उहाँले स्थानीय सरकार सञ्चालन ऐन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र खर्च मितव्ययिता नअपनाई लाखौं रकम खर्च गर्ने स्थानीय सरकार माथि नागरिकले प्रश्न गर्न सक्नु पर्छ भन्नुभयो।

# बाँकेका २ निर्माण कम्पनी र ३ सप्लायर्स कालोसूचिमा

नमस्ते समचारदाता
बाँके, मंसिर/१८

बाँकेका २ वटा निर्माण कम्पनी र ३ सप्लायर्स कम्पनी कालोसूचिमा परेका छन् । सार्वजनिक खरिद अनुगमन कार्यालयले विभिन्न सार्वजनिक निकायको सिफारिसमा ती कम्पनीहरूलाई एकदेखि दुई वर्षका लागि कालोसूचीमा राखेको जनाएको छ। नेपाल राष्ट्र बैंक बालुवाटार काठमाण्डौको सिफारिसमा कोहलपुरका-१० का श्री के.आर. कन्स्ट्रक्शनलाई २ वर्षसम्म कालोसूचीमा राखिएको छ । यस्तै श्री बराहताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कुनाथरी, सुर्खेतको सिफारिसमा बाँकेको जानकी गाउँपालिका ४ को श्री हार्दिक कन्स्ट्रक्शनलाई १ वर्ष, भेरी अस्पताल, नेपालगञ्जको सिफारिसमा नेपालगञ्जको जिसान ट्रेडर्स एण्ड अर्डर सप्लायर्स, नेपालगञ्ज १० को रिना ट्रेडर्स एण्ड जनरल सप्लायर्स र बाँकेको डुडुवा गाउँपालिका-०१ को सविना जनरल एण्ड अर्डर सप्लायर्सलाई १-१ वर्ष कालोसूचीमा राखिएको छ । बाँकेका कन्स्ट्रक्शन र सप्लायर्ससहित २१ वटा निर्माण व्यवसायी कालोसूचीमा परेका हुन्। कालो सूचीमा परेका निर्माण कम्पनीहरु र सप्लायर्सहरुले सो अवधिभर सो नाममा कुनै पनि काम गर्न नपाउने प्रावधान रहेको छ।

विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म बिक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके